# चौंरीदेउराली गाउँपालिका
# Chaunrideurali Rural Municipality
## गाउ कार्यपालिकाको कार्यालय
ढाँडखर्क, काभ्रेपलाञ्चोक

बागमती. प्रदेश, नेपाल
Bagmati Province, Nepal

प. सं.(Letter No): ०७७।०७८
च. न.(Ref No):

मिति (Date): २०७७।०५।१२

सूचना ! सूचना !! सूचना !!!

आदरणीय चौंरीदेउराली गाउँपालिकाबासी दाजुभाई तथा दिदी बहिनीहरू,

यतिबेला सिंगो विश्व समुदाय कोभिड-१९ कोरोना भाइरसका कारण आक्रान्त बनिरहेको छ । संक्रमणको दर तिव्र गतिमा बढिरहेको छ। त्यसै गरी हाम्रो देशका विभिन्न जिल्लाहरू साथै उपत्यकामा समेत संक्रमण तिव्र गतिमा फैलिरहेको र मृत्युदर पनि डरलाग्दो किसिमले बढिरहेको छ । हाम्रो गाउँपालिकाबाट काठमाण्डौं उपत्यका लगायत देशका अन्य विभिन्न जिल्ला र विदेशमा समेत विभिन्न पेशा व्यवसाय गरिरहनु हुने थुप्रै युवाहरू हुनुहुन्छ। घरपरिवार संचालन र खेतिपाती गरी यहाँ रहनुभएका तपाईहरुका परिवारजनहरू आजका मितिसम्म गाउँपालिका भरि कोही पनि संक्रमित भएका छैनन् । विश्वास छ, यस गाउँपालिकाबाट अन्यत्र रहनुभएका तपाईहरू सबै सकुशल नै हुनुहुन्छ र तपाईहरु सबैले सुरक्षित हुने सबै उपायहरु अवलम्बन गरिरहनु भएको छ । अझै कति समयसम्म यो संक्रमणको अवस्था रहिरहने हो केही भन्न सकिने स्थिति छैन। तपाईंहरू जो जहाँ हुनुहुन्छ, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनले निर्देशित गरेका सुरक्षाका विधि र प्रकृयाहरुको पूर्णरुपमा पालना गर्दै घरबाट बाहिर निस्कनुहुने छैन । ज्यान रहे भोलि अनेक गर्न सकिन्छ । ज्यानै रहेन भने केही पनि रहने छैन । त्यसकारण सम्पूर्ण गाउँपालिकाबासी जनसमुदायको स्वास्थ्य हितका लागि गाउँपालिकाले आज १२ बजे रातिसम्म गाउँपालिकाका अत्यावश्यक बाहेक सबै सेवाहरू बन्द गरी राखेकोमा थप ७ दिनका लागि निम्नानुसार गर्नु गराउनु हुन सबैमा यो सूचना जारी गरिएको छः

१. गाउँपालिकाबाट बाहिर रहनु हुने सबै जन-समुदाय सम्भव भए सम्म जहाँ हुनहुन्छ, त्यहीं रहनु होला। घरपरिवारमा आउन चाहनु हुन्छ भने कम्तिमा १४ दिन घरमै होम क्वारेन्टाइनमा रहने र छरछिमेक, गाउँघरमा कोही कसैसंग पनि घुलमिल तथा सम्पर्क नगरी सेल्फ क्वारेन्टाइनमा रहनु होला ।
२. स्वास्थ्य सम्बन्धी समस्या तथा संक्रमणको केही लक्षणहरू देखा परे तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोला।
३. गाउँपालिका भित्रका सबै बजारहरु, पसल, होटल र व्यवसायहरु पूर्णरुपमा बन्द रहने छन्। प्रत्येक दिन अत्यावश्यक पर्ने खाद्य सामाग्री लगायतका किराना पसलहरू बेलुकी ४ बजेदेखि ७ बजेसम्म मात्र खुल्ने र त्यसपछि बन्द रहने छन् ।
४. औषधी तथा भेटनरी पसलहरु चौबीसै घण्टा खुल्ला रहने छन् । सार्वजनिक तथा निजी यातायात सेवा (विशेषगरी काठमाण्डौ उपत्यका र अन्य गाउँपालिकाबाट यहाँ र रामेछापसम्म जान) पूर्णरुपमा बन्द गरिएको छ ।
५. खाद्यान्न तथा निर्माण सामाग्री ओसार-पसार गर्ने साधनलाई भने रोकिने छैन । तर यी साधनहरुले मानिस ओसार-पसार गरेको पाइएमा नियमानुसार कारवाही गरिनेछ ।
६. गाउँपालिकाको कार्यालय आन्तरिक हिसाबले संचालन भई रहनेछ । जनसरोकारका अत्यावश्यक कार्य भन्दा बाहेक अन्य सेवाहरु बन्द रहनेछन् ।
७. यो सूचनालाई आधार मानी सबै वडाहरुले पनि थप सार्वजनिक सूचना प्रकाशित गर्न सकिनेछ ।

हाम्रो गाउँपालिका भित्र अहिलेसम्म कोही पनि संक्रमित भएको छैन। अब पनि संक्रमणलाई नभित्र्याउन र क्षति हुनबाट सबैलाई जोगाउन गाउँपालिकाबासी सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुको सहयोग र सक्रियताले मात्र सम्भव छ । विश्वास छ, सबैले आ-आफ्नो ठाउँबाट यो जिम्मेवारीलाई वहन गर्नुहुनेछ ।

गौतम